AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# बेलायति नेपाली दुताबास भवन बेचिदै छ
# कमिसन खाने धुनमा प्रधानमन्त्रीदेखि राजादुतसम्म?



Nepalese Embassy, London, UK. Photo courtesy: Pushpa Shrestha, Yeti Nepali Association, UK

काठमाडौं, न्यूयोर्क, January 25, 2008 - कमिसनको स्वाद कती गुनिलो हुन्छ भन्ने कुरा बेलायतको नेपाली दुताबास बेच्ने खबरले प्रष्ट पार्दछ। यतिबेला यही कमिसनको धुनमा अरु कोही होइन बिगतमा कमिसनका कारण बदनाम भएका वयो बृध्द प्रधानमन्त्री कोईराला र उन्की पुत्री सुजाता कोईराला लागेका छन् भने परराष्ट्र मन्त्रालय सम्हालेकी मन्त्री साहना प्रधान पनि अगिल्ला परराष्ट्र मन्त्री केपी ओलि झैं बेच्ने निर्णयमा पुगेकी छिन् । गत साल केपी ओलि परराष्ट्र मन्त्री छँदा दुताबास भवन र जग्गाको बिक्री गर्ने निर्णय भएकोमा त्यसलाइ अन्तिम रुप दिन जनवरि २७ मा परराष्ट्र मन्त्रालयको एक टोली लण्डन जाँदैछ। हाम्रा सहकर्मी सम्पादक सिताराम बरालको बिश्लेशण पढ्नुहोस्:

बेलायतको राजधानी लण्डनको मुटु नै मानिन्छ- केन्सिङ्टन हिल गार्डेन र त्यस वरपरको क्षेत्र । बेलायती राजपरिवारका सदस्यहरुको निवास यही क्षेत्रमा छ । चर्चित बेलायती युवराज्ञी डायना पनि यहीं रहन्थिन्, जवसम्म युवराज चाल्ससँग उनको पारपाचुके भैसकेको थिएन । कतिपय ठूला शक्ति राष्ट्रका दूतावासहरुपनि यही क्षेत्रमा छन् । भारतीय मूलका, तर विश्वकै धनी मध्येका एक उद्योगपति लक्ष्मी मित्तललेपनि यही स्थानमा घरजग्गा किनेका छन् । अब आफ्ना

छोराकोलागि घरघडेरी यही स्थानमा जुटाउने उनको इच्छा छ । तर, दुर्भाग्य ! यो यति महत्वपूर्ण ठाउँ हो कि, विश्वप्रसिद्ध उद्योगपति मित्तलले समेत आफ्नो छोराकालागि घरघडेरी जुटाइदिन सकेका छैनन् ।

बेलायतको मुटु मानिने केन्सिङ्टन हिल गार्डेनजस्तो महत्वपूर्ण ठाउँमा बस्ने रहर विश्वका कुन चैं व्यापारीलाई नहोला ? त्यहाँ दूतावास राख्ने रहर कुन देशलाई नहोला ? तर, यो यस्तो ठाउँ हो, जहाँ रहर गरेरमात्र हुन्न, भाग्यपनि हुनुपर्छ । यिनै थोरै भाग्यमानीमध्ये नेपालपनि एउटा देश हो । किनभने त्यहाँ अहिले नेपालको दूतावास छ । २६ हजार वर्ग फुट एरियामा फैलिएको जमीनमा रहेको एउटा भव्य दरवारमा छ- नेपाली दूतावास । बेलायती राजपरिवारको सम्पत्ति 'क्राउन प्रपर्टी' अन्तर्गत रहेको नेपाली दूतावास त्यही दूतावास हो, जतिबेला भारत, पाकिस्तान जस्ता दक्षिण एसियका शक्तिशाली देशहरु बेलायतको अधिनमा रहँदासमेत स्वतन्त्र राष्ट्रको रुपमा नेपाली दूतावास रहेको राखिएको थियो । अर्थात्, बेलायतमा रहेका दूतावासमध्ये नेपाली दूतावास नै सबैभन्दा पुरानो मानिन्छ ।

यति महत्वपूर्ण स्थानमा नेपाली दूतावास रहन पाउनुमा विश्वयुद्धमा नेपालीहरुले बगाएको रगतले निकै ठूलो भूमिका खेलेको छ । प्रथम विश्वयुद्धमा नेपालले बेलायतलाई सैनिक सहयोगम दिएको थियो । कैयौं गोर्खाली बीर जवानहरुले बेलायतकालागि आफ्नो रगतको बलिदान दिए त्यो विश्वयुद्धमा । त्यसैको उपजको रुपमा बेलायतकालागि प्रथम नेपाली राजदूत बहादुर शमशेर जबराका पाला (सन् १९३४) देखि त्यहाँ नेपालको दूतावास रही आएको छ । भवन भने सन् १८६३ मा बनाएका थिए बेलायती राजपरिवारका सदस्यहरुले । राणा शासन हटेपछि र त्यहाँको जग्गाको मूल्य आकासिंदापनि बेलायतले त्यहाँ नेपाललाई 'प्यार' का साथ राख्न चाहिरह्यो । त्यसैले, अत्यन्त थोरै मूल्यमा सन् १९८२ मा त्यो घर-जग्गा ९९ वर्षकालागि 'लिज' मा दियो । 'लिज' सम्झौता सकिन अझै ७१ वर्ष बाँकी रहेकाले त्यो अवधिसम्म नेपाल ढुक्कसँग बस्न पाउनेछ ।

नेपालका आफ्नै भवन नरहेका देशमा दूतावास भवनकालागिमात्र प्रति दूतावास औसत मासिक ५ हजार डलर रकम भाडावापत तिर्नुपर्छ । त्यसबाहेक राजदूत र दूतावासका कर्मचारीको आवासकालागि भाडावापतमात्रै औसत १५ हजार डलर तिर्दै आएको छ । तर, दूतावास ( चान्सरी) र राजदूत लगायत कर्मचारीसमेत बस्न मिल्ने लण्डनस्थित यो भवनकालागि करस्वरुप नेपालले मासिक ३ सय पौण्डमात्र तिरे पुग्छ । सो भवनको भुईं तलामा राजदूतावास (चान्सरी), रिसेप्सन हल, सभा कक्ष तथा डाइनिङ्ग हल छन् भने पहिलो तलामा राजदूतको निवास छ । दोश्रो तलामा प्रथम सचिव, उपनियोग प्रमुखको निवास तथा गेष्ट रुमको रुपमा तीनवटा कोठा छन् । भवनको तेश्रो तलाको दुई फ्ल्याटलाई सहचारीको निवासको रुपमा प्रयोग गरिएको बताइएको छ । भवनका बाँकी कोठाहरु भीषा कार्यालय र दुतावासमा काम गर्ने स्थानीय कर्मचारीकालागि आवासको रुपमा प्रयोग गर्न दिइएको छ ।

**एकोहोरो धुन**

९९ वर्षे 'लिज' मै दिएको किन नहोस्, यो भवन बेलायतले नेपाललाई दिएको अमूल्य उपहार हो भन्दा हुन्छ । तर, **यही अमूल्य उपहार बेच्ने धुनमा यतिबेला बिगतमा कमिसनका कारण**

**बदनाम भएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उनकी पुत्री सुजाता कोइराला लागेका छन् भने परराष्ट्र मन्त्रालय सम्हालेकी मन्त्री शाहना प्रधानपनि अघिल्ला परराष्ट्रमन्त्री केपी ओलीभैmं बेच्ने निर्णयमा पुगेकी छिन् । गतसाल केपी ओली परराष्ट्र मन्त्री छँदा दूतावास भवन र जग्गाको लिज बिक्री गर्ने सैद्धान्तिक निर्णय भएकोमा त्यसलाई अन्तिम रुप दिन जनवरी २७ मा परराष्ट्र मन्त्रालयसहितको एउटा टोली लण्डन तर्फ जाँदैछ । एमालेको शीर्ष नेतृत्वमा रहेका ओली र प्रधान दुवैको दूतावास बेच्ने धुन हेर्दा लाग्छ, दूतावास भवन बेचेर कमिसन खाने दौडमा प्रम कोइराला र उनकी पुत्री सुजातासँगै नेकपा (एमाले) को नेतृत्व मण्डलीपनि सामेल छ ।**

दूतावास भवन बेच्न सरकारले यसअघि जर्मनीकालागि नेपाली राजदूत मदनकुमार भटराईको संयोजकत्वमा सरकारले एउटा कार्यदल बनाएको थियो । पुषको अन्तिम हप्ता बसेको मन्त्री परिषद् बैठकले कार्यदलको संयोजक बेलायतका लागि नेपाली राजदूत मुरारीराज शर्मालाई तोकेको छ । राजदूत शर्मा संयोजक रहेको कार्यदलका सदस्यहरुको टोली त्यससम्बन्धमा निर्णय गर्न आज लण्डनतर्फ जान लागेको हो । टोलीमा परराष्ट्र मन्त्रालयका सहसचिव सुरेश प्रधान, अर्थ मन्त्रालयका सहसचिव प्रमोद कार्की र महालेखा नियन्त्रक दीप बस्नेत छन् । कार्की र प्रधान आर्थिक क्षेत्रमा अत्यन्त विवादास्पद नाम मानिन्छन् । बस्नेतमाथि त अख्तियारले समेत मुद्दा चलाएको थियो ।

दूतावास भवनको लिज बिक्री गर्दा उपयुक्त हुन्छ वा दूतावास भवन निकै पुरानो भैसकेकाले मरम्मत गरी काम चलाउँदा राम्रो हुन्छ भन्ने विषयमा अध्ययन गरी निर्णय गर्ने जिम्मेवारी यो कार्यदललाई दिइएको परराष्ट्र मन्त्रालयको दावी छ । तर, आन्तरिक रुपमा दूतावास भवन बेच्न निर्णय भैसकेको छ र, कार्यदललाई दिइएको उपरोक्त जिम्मेवारी देखावटी हो भन्ने कुरा कार्यदलका संयोजक एवं राजदूत शर्माले परराष्ट्र मन्त्रालयमा पुष ९ गते गरेको पत्राचारबाट प्रष्ट हुन्छ । पत्रमा- परराष्ट्र सचिव (ज्ञानचन्द्र आचार्य) ले आफूसँग गरेको पत्रको हवाला दिंदै दूतावास रहेको भवन तथा जग्गा बिक्री गर्ने सम्बन्धमा आधिकारिक मूल्याङ्कन गराउन 'नाइट फ्याङ्क' सँग कुरा अघि बढाएको राजदूत शर्माले बताएका छन्

नेपाली दूतावास रहेको भवन सन् १८६३ मा बनेको र पुरानो भवन मर्मत गर्न 'द क्राउन स्टेट' ले पटक-पटक पत्राचार गरेको प्रसङ्गलाई दूतावास भवन बिक्री गर्नैपर्ने मूल कारण बताउने गरिएको छ । शाही कालमा बेलायतकालागि नेपाली राजदूत रहेका प्रबलशमशेर राणाले मर्मतकालागिमात्र ४.५ मिलियन स्टर्लिङ्ग पौण्ड (करिव ५८ करोड नेरु) खर्च लाग्ने अनुमानित विवरण पठाएका थिए । उनको उद्देश्यपनि मर्मतकालागि धेरै रकम लाग्छ भन्ने देखाएर आफ्नै पालामा दुतावास र जग्गाको लिजल सम्झौता बेच्ने र त्यसबापत मोटो कमिसन हात पार्ने थियो । ०६१ पुष १ (१६ डिसेम्बर २००४) मा उनले परराष्ट्र मन्त्रालयलाई गरेको पत्राचारमा भनिएको छ- 'दूतावासको हालको भवन बिक्री गर्न र दूतावासकालागि उपयुक्त हुने भवन खरिद गर्न मलाई अधिकार प्रदान गर्न अनुरोध गर्दछु ।...यस सम्बन्धमा सकभर छिटो कारवाही भै जानकारी दिनुहुन अनुरोध गर्दछु ।' त्यसबेला दूतावास बेच्न कम्बर कसेर लागेका राजदूत राणा त्यसबेला असफल भए, जब बेलायतमा रहेका नेपालीहरुले दूतावास बेच्ने योजनाको तीब्र विरोध गरे ।

निश्चय नै, भवन निकै पुरानो भएकाले मर्मत सम्भार गर्नुपर्ने हुन्छ । तर, मर्मतकालागि ४.५ मिलियन पौण्ड लाग्छ भन्ने ग्यारेन्टी कसरी गरियो ? यस सम्बन्धमा कोहीपनि बताउन चाहँदैनन् । सरकारको एकोहोरो धुन केवल दूतावास भवन बेच्नुपर्छ भन्नेमात्र छ । र, यसमा कमिसनबाहेक अरु कुनै कारण छैन भन्ने कुरापनि प्रष्ट छ । त्यसैले, मर्मतकालागि कति रकम लाग्छ भन्ने कोणबाट सोच्ने कामै गरिएको छैन । केवल भवन मर्मतकालागि ठूलो रकम लाग्छ भन्ने शाहीकालका राजदूतको भनाईलाई यतिबेलापनि आधार बनाएर त्यसलाई बेच्नकालागि प्रकृया सुरु गरिएको छ । केपी ओली परराष्ट्रमन्त्री हुँदा बेच्नकालागि प्रकृया सुरु गर्न मन्त्रालयले कार्वाही अघि बढाएको थियो । त्यसैताका मन्त्री परिषद्ले दूतावास भवन बेच्नकालागि नीतिगत निर्णय नै गऱ्यो ।

प्रधानमन्त्री र उनको मण्डली दूतावास भवन बेच्न कसरी लागेको छ भन्ने कुरा ५ महिना अघि विभिन्न २१ मुलुकमा नेपाली राजदूतकालागि नाम प्रस्तावित गरिएपछि देखिएको थियो । **सुरुमा बेलायतकालागि नेपाली राजदूतको रुपमा परराष्ट्र मन्त्रालयमा पूर्व (कामु) सचिव भगिरथ बस्नेतको नाम चर्चामा ल्याइयो । त्यसपछि चर्चामा ल्याइयो, संसद सचिवालयका निवर्तमान महासचिव सूर्यकिरण गुरुङ्गको नाम । तर, अन्त्यमा प्रम कोइराला तथा कमिसनप्रेमी उनकी पुत्री सुजाताको रुचि अनुसार राजदूत बनाइयो मुरारीराज शर्मालाई, जो त्यसअघि न्यूयोर्कमा रहेको राष्ट्रसंघीय नियोगमा नेपालको तर्फबाट स्थायी प्रतिनिधि थिए । त्यसैले, उनलाई फेरि राजदूतजस्तो जिम्मेवारी दिएर सम्मान गर्नुपर्ने कुनै कारण थिएन ।**

**तर, राजदूतावास भवन बेच्नैकालागि राजदूतको रुपमा खटाइएको हो भन्ने कुराको नाङ्गो पुष्टि गत कार्तिक २१ गते भयो । राजदूतको रुपमा नेपाल सरकारको तर्फबाट नियुक्ति पाएका ११ जनालाई बालुवाटारमा प्रधानमन्त्री कोइरालाले विदाईकालागि बोलाएका थिए । त्यसै अवसरमा प्रधानमन्त्री कोइरालाले राजदूत नियुक्त शर्मालाई भने- 'तपाईं जान लाग्नु भएको ठाउँको दूतावास भवन बेच्नकालागि सबै काम भैसकेको छ, तपाईं त्यहाँ पुगेपछि अरु सबै प्रकृया छिटोभन्दा छिटो टुङ्ग्याएर बेचिहाल्नुपर्छ ।' अन्य १० राजदूतका अगाडि खुल्ला रुपले राजदूत शर्मालाई तपाईं जानासाथ दूतावास बेचिहाल्नुपर्छ भन्ने हाकाहाकी बताएका प्रधानमन्त्री कोइरालाले त्यसपछि गोप्य रुपमा लगत्तै भेट्नुको प्रयोजन कमिसनकालागि कुरा गर्नु थियो भन्ने कुरा त्यसपछिका गतिविधिले प्रष्ट पारिसकेका छन् ।**

किनभने, दूतावासको लिज सम्झौता भवन बेच्नु उपयुक्त हुन्छ वा मर्मत गरेर काम चलाउनु उपयुक्त हुन्छ भन्ने बुझ्ने निहुँमा एकातिर शर्मोकै संयोजकत्वमा कार्यदल बनाइएको छ, अर्कातिर के गर्दा उपयुक्त हुन्छ भन्ने कुराको टुङ्गो नलाग्दै बेच्ने प्रयोजनकालागि भनेर पत्राचार हुन थालिसकेको छ । के गर्दा उपयुक्त हुन्छ भन्ने बुझ्न जाने कार्यदलले आफूलाई दिएको जिम्मेवारी पुरा गर्ने होइन, 'राजदूतावास भवन बेच्नै पर्छ' भन्ने प्रधानमन्त्री कोइराला, उनकी पुत्री सुजाता र परराष्ट्रमन्त्री शाहना प्रधानको 'आन्तरिक निर्णय' लाई बैधानिकता दिने काममात्र गर्ने पक्कापक्की छ । 'कार्यदल गठन गरेर अध्ययन गर्दासमेत बेच्नै पर्ने देखियो भनेर नेपाली जनताको आँखामा छारो हाल्नमात्र यो गरिएको हो' परराष्ट्र मन्त्रालयका एक अधिकारी भन्छन्- 'कार्यदल त देखाउने दाँत मात्र हो, दूतावास भवन बेचेरै छाड्नेछन् ।'

**धनाड्यका हातमा गोर्खाली चिनो**

नेपाली राजदूताबासको ‘लिज सम्झौता’ भवन किन्ने एक सूत्रीय अभियानमा लागेका छन्- भारतीय मूलका व्यापारी लक्ष्मी मित्तल । उनी सन् २००७ कालागि विश्वका धनीमध्ये तेश्रो पंक्तिमा परेका व्यापारी हुन् । उनले केन्सिङ्टन हिल गार्डेन क्षेत्रमै नेपाली दूतावास नजिक भवन किनिसकेकापनि छन् । अब उनी आफ्ना छोराकालागिपनि त्यहीं घरजग्गा खरिद गर्न चाहन्छन् । **यसकालागि उनले प्रम पुत्री सुजातासँगमात्र होइन, राजदूत शर्मासँगसमेत पटक-पटक कुराकानी चलाइसकेका छन् । अघिल्लो महिना राजदूत शर्माले परराष्ट्र मन्त्रालयमा पठाएको रिपोर्ट अनुसार- ‘दुई महिना अघि ‘नेपालको जलश्रोत र पर्यटन प्रबर्द्धन’ का विषयमा राजदूत शर्मा र उद्योगपति मित्तलकाबीच दूतावासमै कुराकानी भएको थियो ।’ ‘नेपालको जलश्रोत र पर्यटन प्रबर्द्धन’ का विषयमा भएको कुराकानी त वास्तवमा देखाउने दाँतमात्र थियो, कुराकानी भने दूतावास भवन खरिद-बिक्री र कमिसनकालागि भएको थियो ।** सो कुराकानीमा मित्तलका छोरापनि सहभागी थिए । त्यस अवसरमा उनीहरुले दूतावास भवनको एक सरो भ्रमण समेत गरेका थिए । **सो भवनमा ५५ वटा कोठा रहेका छन् ।**

**श्रोतका अनुसार, अत्यन्त कम मूल्याङ्कन गरेर दूतावास भवन-जग्गा बेच्ने र कम मूल्याङ्कन गरेबापत सरोकारवालाहरुलाई व्यापारी मित्तलले कमिसन रकम दिनेछन् । राजदुतावासको मामिलामा कुनै जिम्मेवारी नभएकी प्रधानमन्त्री सुजाताको रुचिलेपनि यो कुरा पुष्टि गर्छ । राजदूतको रुपमा प्रबल शमशेर राणा हुँदा लिज सम्झौता बिक्री गरेवापत नेपालले करिब साँढे दुई करोड पाउण्ड तोकिएको थियो । जति ‘लिज सम्झौता’ समय छोट्टिँदै जान्छ, त्यति नै ‘लिज सम्झौता’ बिक्री गरेवापतको मूल्य कम पाइने दावी परराष्ट्रका हर्ताकर्ताहरुले गर्दै आएका छन् । परराष्ट्र मन्त्रालयका केही कर्मचारीहरुले लिज सम्झौता बिक्रीको साटो बरु नेपालबाटै कामदारहरु लगेर दूतावास भवन मर्मत गर्दा सस्तो पर्ने सुझाव नदिएका होइनन् । तर, रचनात्मक सुझावको सुनुवाई गर्ने पक्षमा न प्रधानमन्त्री कोइराला छन्, न त परराष्ट्र मन्त्री शाहना प्रधान नै । चुनाव नजिकिँदै गएकाले सिर्फ पैसाकै लागि जसरीपनि दुतावास बेच्नुपर्ने सोचाईबाहेक अरु योजना प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको दिमागमा छैन ।**

शाही कालमा एकपटक बेलायतमा रहेका नेपालीहरुको विरोधका कारण दूतावास भवन बेचिनबाट जोगिएको थियो । ‘लोकतन्त्र’ मा सबै आर्थिक कृयाकलापहरु पारदर्शी हुन्छन् भनिन्छ । तर, शाहीकालमासमेत बेचिनबाट जोगिएको दूतावास भवन लोकतन्त्र आएपछि फेरि खतरामा परेको छ । त्यसैले, बेलायतले विश्वयुद्धमा गोर्खालीले बगाएको रगतको कदर गर्दै यति महत्वपूर्ण स्थानमा ‘लिज सम्झौता’ गरी दिएको यति महत्वपूर्ण भवन बेचिनबाट जोगाउन बेलायतका नेपालीमात्र होइन, विश्वभरकै नेपालीले आवाज उठाउनुपर्ने भएको छ ।

January 25, 2008, Kathmandu

सिताराम बराल जन आस्था साप्ताहिकका सहसम्पादक हुन्।